लोकसेवा आयोग

अप्राविधिकतर्फका न्याय, प्रशासन, लेखापरीक्षण र संसद सेवा, राजपत्र अनंकित द्वितीय श्रेणी खरिदार वा सो सरह

<<<द्वितीय पत्र>>>

खण्ड 'ख'

संविधान र नागरिक सचेतना👇

२ प्रश्न × ५ अङ्क = १० अङ्क

२ प्रश्न × १० अङ्क = २० अङ्क

खण्ड-'ख'

२. संविधान र नागरिक सचेतना → 30 Marks

↳ २ × ५ = १० Marks
↳ २ × १० = २० Marks
30 Marks

२.१ नेपालको संविधान →

↳ मुलुकको शासन व्यवस्थाको सञ्चालन तथा मार्ग दर्शन गर्ने राज्यको सर्वोच्च कानून नै संविधान हो।
↳ मुलुकको विधि व्यवस्था नियमण गर्न बनाइएको मूल कानून नै संविधान हो।
↳ राज्यका अङ्ग एवम् शासकिय समयन्त्रहरुको प्रबन्ध गर्ने आधारभुत कानून नै संविधान हो।

संविधानलाई मूल कानून मानिनुका कारण

↳ मुलुकको शासन व्यवस्थाको सञ्चालन तथा मार्गदर्शन गर्ने सर्वोच्च कानून भएकाले
↳ मुलुकको विधि व्यवस्था नियमण गर्ने कानून भएकाले
↳ राज्यका अंग एवम शासकिय समयन्त्रहरुको प्रबन्ध गर्ने भएकाले
↳ संविधानसँग बाझिने कानून बाझिएके हदसम्म अमान्य हुने भएकाले
↳ निर्माण, संशोधन तथा कार्यान्वयनको दृष्टिले समेत विशिष्ट हुने भएकाले
↳ शासक र शासितलाई परिभाषित गर्दै वैध राज्य प्रणालीको निर्माण गर्ने कानून भएकाले

↳ संविधान अन्य सम्पुर्ण ऐन कानूनको जननी भएकाले

नेपालका हालसम्मको संविधान →

१. नेपाल सरकारको वैधानिक कानून, २००४
२. नेपालको अन्तरिम शासन विधान, २००७
३. नेपाल अधिराज्यको संविधान, २०१५
४. नेपालको संविधान, २०१९
५. नेपाल अधिराज्यको संविधान, २०४७
६. नेपालको अन्तरिम संविधान, २०६३
७. नेपालको संविधान

नेपालको संविधानको विशेषताहरु

↳ संविधान सभाबाट निर्माण भई राष्ट्रपतिबाट घोषणा भएको संविधान
↳ ३२ भाग ३०८ धारा र ९ अनुसुचि रहेको
↳ सार्वभौम सत्ता र राजकिय सत्ता नेपाली जनतामा निहित रहेको
↳ नेपाल संघिय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुने व्यवस्था गरिएको
↳ नेपालको राष्ट्रिय हित सम्बन्धि व्यवस्था गरिएको
↳ ३१ वटा मौलिक हक र नागरिकका ४ वटा कर्तव्यको व्यवस्था गरिएको
↳ राज्यका निर्देशक सिद्धान्तको व्यवस्था रहेको

- राज्यको १३ वटा नितिको व्यवस्था रहेको
- संघ, प्रदेश र स्थानिय गरी ३ तहको राज्य संरचनाको व्यवस्था गरिएको
- राष्ट्र प्रमुखको रुपमा राष्ट्रपतिको व्यवस्था गरिएको
- संघिय मन्त्रिपरिषद प्रधानमन्त्री सहित बढीमा २२ सदस्यीय हुने व्यवस्था गरिएको
- प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी २ सदनात्मक संघिय संसदको व्यवस्था रहेको
- सर्वोच्च, उच्च र जिल्ला गरी ३ तहका अदालतको व्यवस्था गरिएको
- सरकारको मुख्य कानूनी सल्लाहकारको रुपमा महान्याधिवक्ताको व्यवस्था गरिएको
- संघ, प्रदेश र स्थानिय तहबीचको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तको आधारमा सञ्चालन हुने व्यवस्था गरिएको
- राज्यका १३ वटा संवैधानिक निकायको व्यवस्था गरिएको
- राज्यका महत्वपुर्ण बिषयमा जनमत संग्रह गर्न सकिने व्यवस्था
- संविधान मै नेपालको राजधानि काठमाडौं हुने व्यवस्था गरिएको
- नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्रभाषा हुने भनि व्यवस्था भएको

मौलिक हक →

↳ नागरिक तथा राज्यको हित प्रवद्धनका लागि मुलुकको संविधानमा व्यवस्था गरिएको हकहक नै मौलिक हक हुन।

↳ हनन, हस्तक्षप तथा हरण भएमा उपचारसहित व्यवस्था गरिएको हकहकलाई मौलिक हक भनिन्छ।

↳ मौलिक हकहक मुलुकको आवश्यकता र क्षमताको आधारमा भिन्न हुने गर्दछन।

↳ नेपालको संविधानको भाग ३ अन्तर्गत धारा १६ देखि धारा ४६ सम्म ३१ वटा मौलिक हकको व्यवस्था गरिएको छ।

मौलिक हकको उद्देश्य / महत्व →

↳ नागरिकका आधारभुत आवश्यकता र अधिकार सुनिश्चित गर्न

↳ कानूनको शासनलाई प्रवद्धन गर्न

↳ मानव अधिकारको संरक्षण तथा संवद्धन गर्न

↳ लोकतान्त्रिक मुल्य मान्यता र अधिकारलाई व्यवस्थित गर्न

↳ पछाडि परेका वर्ग तथा समुदायलाई विशेष अधिकार दिलाउन

↳ राज्य र नागरिकबीच सुमधुर सम्बन्ध कायम गर्न

↳ न्यायिक अधिकारको संरक्षण गर्न

नेपालको संविधानमा व्यवस्था गरिएका मौलिक हकहरु →

धारा-१६ : सम्मानपुर्वक बाच्न पाउने हक

धारा-१७ : स्वतन्त्रताको हक

धारा-१८ : समानताको हक

धारा-१९ : सञ्चारको हक

धारा-२० : न्यायको हक

धारा-२१ : अपराध पिडितको हक

धारा-२२ : यातना विरुद्धको हक

धारा-२३ : निवारक नजरबन्द विरुद्धको हक

धारा-२४ : छुवाछुत तथा भेदभाव विरुद्धको हक

धारा-२५ : सम्पतिको हक

धारा-२६ : धार्मिक स्वतन्त्रताको हक

धारा-२७ : सुचनाको हक

धारा-२८ : गोपनियताको हक

धारा-२९ : शोषण विरुद्धको हक

धारा-३० : स्वच्छ वातावरणको हक

धारा-३१ : शिक्षा सम्बन्धि हक

धारा-३२ : भाषा तथा संस्कृतिको हक

धारा-३३ : रोजगारीको हक

धारा-३४ : श्रमको हक

धारा-३५ : स्वास्थ्य सम्बन्धि हक

धारा-३६ : खाद्य सम्बन्धी हक

लोकसेवा साथी

धारा-३७ : आवासको हक
धारा-३८ : महिलाको हक
धारा-३९ : बालबालिकाको हक
धारा-४० : दलितको हक
धारा-४१ : जेष्ठ नागरिकको हक
धारा-४२ : सामाजिक न्यायको हक
धारा-४३ : सामाजिक सुरक्षाको हक
धारा-४४ : उपभोक्ताको हक
धारा-४५ : देश निकाला विरुद्धको हक
धारा-४६ : संवैधानिक उपचारको हक

स्वतन्त्रताको हक

प्रत्यक नेपाली नागरिकलाई देहाय बमोजिमको स्वतन्त्रताको हक हुनेछ । (विविध सनेने)

- विचार र अभिव्यक्तिको स्वतन्त्रता
- बिना हातहतियार शान्ति पूर्वक भेला हुने स्वतन्त्रता
- राजनितिक दल खोल्ने स्वतन्त्रता
- संघ संस्था खोल्ने स्वतन्त्रता
- नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता
- नेपालको कुनै पनि भागमा पेशा रोजगार गर्ने र उद्योग तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता

समानताको हक →

- सबै नागरिक कानूनको दृष्टिमा समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने
- सामान्य कानूनको प्रयोगमा धर्म, वर्ण, जातजाति, भाषा, स्वास्थ्य स्थिति वा अन्य यस्तै कुनै आधारमा भेदभाव नगरिने
- राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जातजाति, भाषा, स्वास्थ्य स्थिति वा अन्य यस्तै कुनै आधारमा भेदभाव नगरिने
- समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने
- पैतृक सम्पतिमा लैंगिक भेदभाव बिना सबै सन्तानको समान हक हुने

न्यायको हक →

- कुनै पनि व्यक्तिलाई प्रकाउ भएको कारण सहित सुचना नदिई थुनामा नराख्ने
- प्रकाउ परेको व्यक्तिलाई प्रकाउ परेको समय देखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने हक हुने
- प्रकाउ परेको व्यक्तिलाई प्रकाउ भएको समय वा स्थानबाट बाटोको म्याद बाहेक चौबिस घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने
- प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे वापत कुनै पनि व्यक्ति सजाय भागि नहुने

↳ कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभए सम्म कसुरदार नमानिने
↳ कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसुरमा एक पटक भन्दा बढी मुद्दा नचलाइने
↳ कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षि हुन बाध्य नपारिने
↳ प्रत्यक व्यक्तिलाई निज विरुद्ध गरिएको कारवाहीको जानकारी पाउने हक हुने
↳ प्रत्यक व्यक्तिलाई स्वतन्त्र र सक्षम अदालतबाट स्वच्छ सुनुवाइको हक हुने
↳ असमर्थ पक्षलाई कानून बमोजिम निशुल्क कानूनी सहायता पाउने हक हुने

शोषण विरुद्धको हक →

↳ प्रत्यक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ।
↳ धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमको शोषण गर्न पाइने छैन।
↳ कसैलाई पनि वेचविखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन।
↳ कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन।
↳ तर सार्वजनिक प्रयोजनका लागि नागरिकलाई

राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

↳ त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पिडितलाई पिडकबाट कानून बमोजिम क्षतिपुर्ति पाउने हक हुनेछ ।

शिक्षा सम्बन्धि हक →

↳ प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुंचको हक हुनेछ ।

↳ प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा निशुल्क र अनिवार्य तथा माध्यमिक तह सम्मको शिक्षा निशुल्क पाउने हक हुनेछ

↳ अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

↳ दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निशुल्क शिक्षा पाउने हक हुनेछ ।

↳ नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने

↳ र सञ्चालन गर्ने हक हुनेछ।

महिलाको हक - धारा ३८

↳ प्रत्येक महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशिय हक हुनेछ।

↳ प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ।

↳ महिला विरुद्ध धार्मिक, सामाजिक, सास्कृतिक परम्परा वा अन्य यस्तै कुनै पनि आधारमा हिंसा जन्य कार्य वा शोषण गरिने छैन।

↳ राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशि सिद्धान्तका आधारमा सहभागि हुने हक हुनेछ।

↳ महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकरात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ।

↳ सम्पति तथा पारिवारिक मामिलामा दम्पतिको समान हक हुनेछ।

सानोसोच

बालबालिकाको हक - धारा ३९ ↳

↳ प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ।

↳ प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ।

↳ प्रत्येक बालबालिकालाई प्रारम्भिक विकास तथा बाल सहभागिताको हक हुनेछ।

↳ कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।

↳ कुनै पनि बालबालिकालाई बालबिवाह, गैरकानूनी ओसारपोसार र अपहरण वा बन्धक राख्न पाइने छैन।

↳ कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थानमा कुनै पनि किसिमको यातना दिन पाइने छैन।

↳ प्रत्येक बालबालिकालाई बाल अनुकुल न्यायको हक हुनेछ।

↳ असहाय, अनाथ वा जोखिममा परेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।

नागरिकका कर्तव्यहरू - धारा ४८ →

- राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौम सत्ता र अखण्डताको रक्षा गर्नु
- संविधान र कानूनको पालना गर्नु
- राज्यले चाहेका करवत अनिवार्य
- सार्वजनिक सम्पतिको सुरक्षा र संरक्षण गर्नु

राज्यका निर्देशक सिद्धान्त - धारा ५० →

- राज्यले अवलम्बन गर्ने दिर्घकालिन अवधारणा, राज्यको अग्रगमनको लागि लिइएको मार्गदर्शन र राज्यको दिशाबोध नै राज्यका निर्देशक सिद्धान्त हुन।
- नेपालको वर्तमान संविधानको भाग-४ अन्तर्गत धारा ५० मा राज्यका निर्देशक सिद्धान्तको व्यवस्था गरिएको छ।

राज्यको आर्थिक उद्देश्य → ५०(३)

- सार्वजनिक, निजि र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन ~~मार्फ~~ द्वारा तिव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषनरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र र आत्मनिर्भर बनाउँदै समाजवाद उन्मुख समृद्ध अर्थतन्त्रको निर्माण गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ।

* राज्यको सामाजिक तथा सास्कृतिक उद्देश्य → २०(२)

↳ धर्म, संस्कृति, प्रथा, परम्परा, वा अन्य कुनै पनि आधारमा हुने विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामुलक समाजको निर्माण गर्ने एवम राष्ट्रिय गौरव, लोकतन्त्र, श्रमको सम्मान, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मुल्यहरुको विकास गर्ने तथा सास्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक तथा सांस्कृतिक उद्देश्य हुनेछ।

* राज्यको राजनीतिक उद्देश्य → २०(१)

↳ नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरि राख्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकार का मूल्य र मान्यता, लैंगिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपुर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्ने तथा परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय इकाइहरुबीचको सम्बन्ध सञ्चालन गर्दै स्थानिय स्वायत्तता र विकेन्द्रिकरणको

आधारमा शासन व्यवस्थामा समानुपातिक सिद्धान्त लाई आत्मसात गर्दै लोकतान्त्रिक अधिकारको उपयोग गर्न पाउने अवस्था सुनिश्चित गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने राज्यको राजनितिक उद्देश्य हुनेछ।

* राज्यको अन्तराष्ट्रिय सम्बन्ध → २०(४)

↳ नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिक समानताका आधारमा अन्तराष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्नेतर्फ राज्यका अन्तराष्ट्रिय सम्बन्ध निर्देशित हुनेछ।

राज्यका नितिहरु - धारा २५

↳ राज्यको सिद्धान्तको आधारमा विषयगत रूपमा अवलम्बन गरिने नीतिहरु नै राज्यका नीति हुन।

↳ राज्यका नीतिहरु मुलुकको अग्रगामी विकासका लागि लिइने दिर्घकालिन सोच हो।

↳ नेपालको संविधानको धारा २५ मा देहाय बमोजिम राज्यका १३ वटा नीतिहरुको व्यवस्था गरिएको छ।

(क) राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धि नीति

(ख) राजनितिक तथा सास्कृतिक व्यवस्था सम्बन्धी नीति

(ग) सामाजिक तथा सास्कृतिक रूपान्तरण सम्बन्धी नीति

(घ) अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति
(ङ) कृषि तथा भुमि सुधार सम्बन्धी नीति
(च) विकास सम्बन्धी नीति
(छ) प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीति
(ज) नागरिकका आधारभुत आवश्यकता सम्बन्धी नीति
(झ) श्रम तथा रोजगार सम्बन्धी नीति
(ञ) सामाजिक न्याय र समावेशिकरण सम्बन्धी नीति
(ट) न्याय र दण्ड सम्बन्धी नीति
(ठ) पर्यटन सम्बन्धी नीति
(ड) अन्तराष्ट्रिय सम्बन्ध सम्बन्धी नीति

* राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीति

↳ नेपालको स्वतन्त्रता, सार्वभौम सत्ता र भौगोलिक अखण्डताको संरक्षण गर्दै राष्ट्रिय एकता कायम गर्ने
↳ विभिन्न जातजाति, धर्म, वर्ण र सम्प्रदाय बीच पारस्परिक सम्बन्ध कायम गरी संघिय इकाइहरु बीच सहयोगात्मक सम्बन्धको विकास गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्ने
↳ राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने
↳ सर्वाङगिन मानविय सुरक्षाको प्रत्याभुति गर्ने
↳ राष्ट्रिय सुरक्षा नितिका आधारमा सबै सुरक्षा

निकायलाई सबल, सुदृढ, व्यवसायिक, समावेशि र उत्तरदायी बनाउने

- राष्ट्रिय आवश्यकता अनुसार नागरिकलाई राष्ट्रको सेवा गर्न तत्पर र सक्षम बनाउने
- पूर्व राष्ट्रसेवकहरूमा रहेको ज्ञान, सिप र अनुभवलाई राष्ट्रिय हितमा उपयोग गर्ने

* राजनितिक तथा शासन व्यवस्था सम्बन्धी नीति

- राजनितिक उपलब्धिहरूको रक्षा गर्दै आर्थिक, सामाजिक तथा सास्कृतिक रुपान्तरणका माध्यमबाट जनताको हित र समुन्नतिको प्रत्याभुत गर्ने
- मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दै विधिको शासन कायम गर्ने
- नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन गर्ने
- सार्वजनिक प्रशासनलाई स्वच्छ, पारदर्शि, भ्रष्टाचार मुक्त र उत्तरदायी बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको सहज पहुच सुनिश्चित गरी सुशासनको प्रत्याभुति गर्ने
- आम सञ्चारलाई स्वच्छ, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने
- संघिय इकाइहरू बीच समधुर र सहयोगात्मक सम्बन्धको विकास गर्ने

* सामाजिक तथा सास्कृतिक रूपान्तरण सम्बन्धी नीति

- स्वच्छ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सु-सम्बन्धमा आधारित समाजको निर्माण गर्ने
- ऐतिहासिक तथा सास्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र विकासका लागि अध्ययन अनुसन्धान र प्रसारप्रसार गर्ने
- सामाजिक, सास्कृतिक तथा सेवामुलक कार्यक्रममा स्थानिय समुदायको सिर्जनशिलता प्रवर्द्धन र परिचालन गरी स्थानिय जनसहभागिता अभिवृद्धि गर्दै सामुदायिक विकास गर्ने
- राष्ट्रिय सम्पदाका रूपमा रहेका कला, साहित्य र संगितको विकासमा जोड दिने
- समाजमा प्रचलित धर्म, प्रथा, परम्परा तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद र शोषणको अन्त्य गर्दै बहुभाषिक नीति अबलम्बन गर्ने

* कृषि तथा भूमिसुधार सम्बन्धी नीति

- भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखि वैज्ञानिक भूमिसुधार गर्ने
- अनुपस्थित भू-स्वामित्वलाई निरूत्साहित गर्दै जग्गाको चकलाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने
- किसानको हक हितको संरक्षण र संवर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भू-उपयोग

नितिको अवलम्बन गरी कृषिको व्यवसायीकरण, विविधिकरण र आधुनिकिकरण गर्ने

↳ भूमिको उत्पादनशिलता प्रकृति तथा वातावरणिय सन्तुलन समेतका आधारमा नियमण र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने

↳ कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुचको व्यवस्था गर्ने

* विकास सम्बन्धी नीति

↳ क्षेत्रिय सन्तुलन सहितको समावेशी आर्थिक विकासका लागि क्षेत्रिय विकासको योजना अन्तर्गत दिगो सामाजिक, आर्थिक विकासका रणनिति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने

↳ विकासको दृष्टिकोणले पछि परेका क्षेत्रलाई प्राथमिकता दिई सन्तुलित, गुणस्तरिय तथा दिगो रूपमा भौतिक पूर्वाधारको विकास गर्ने

↳ विकास प्रक्रियामा स्थानिय जनसहभागिता अभिवृद्धि गर्ने

↳ वैज्ञानिक अध्ययन, अनुसन्धान एवम विज्ञान र प्रविधिको आविष्कार र विकासमा लगानी प्रवर्द्धन गर्ने तथा वैज्ञानिक र विशिष्ट प्रतिभाहरुको संरक्षण गर्ने

- विकासको प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिई आम जनताले न्यायोचित रूपमा पाउने व्यवस्था गर्ने
- जनसाङ्ख्यिक तथ्याङ्कलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने
- एकिकृत राष्ट्रिय परिचय पत्र सुचना प्रणालीको विकास गरी नागरिकका सबै प्रकारका सुचना र विवरणहरू एकिकृत रूपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र विकास योजनासँग आबद्ध गर्ने

* श्रम र रोजगार सम्बन्धी

- सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य शक्तिको रूपमा रहेको श्रम शक्तिलाई दक्ष र व्यवसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने
- मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकको आधारभुत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभुत गर्ने
- वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभुत गर्न यस क्षेत्रको नियमण र व्यवस्थापन गर्ने
- बालश्रम लगायतका सबै प्रकारका श्रम शोषणको अन्त्य गर्ने

- श्रमिक र उद्यमी व्यवसायी बिच सुमधुर सम्बन्ध कायम गर्ने
- वैदेशिक रोजगारीबाट आर्जन भएको पुंजि, शिप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनशील क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने

* पर्यटन सम्बन्धी नीति

- नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण एवम् प्रसार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यटन उद्योगको विकास गर्ने
- पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण तथा नीति निर्माण गर्ने
- पर्यटन उद्योगको लाभ वितरणमा स्थानिय जनतालाई प्राथमिकता दिने ।

राज्यको दायित्व (धारा-५२)

- नेपालको स्वतन्त्रता, सार्वभौम सत्ता, भौगोलिक अखण्डता, र स्वाधिनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्द्धन, राज्यका निर्देशक सिद्धान्तको अनुसरण तथा राज्यका नितिहरुको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने

२.२.१ अख्तियार दुरुपयोग अनुसन्धान आयोग

- सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान गरी भ्रष्टाचार नियन्त्रणमा महत्वपुर्ण भुमिका निर्वाह गर्ने संवैधानिक निकाय नै अख्तियार दुरुपयोग अनुसन्धान आयोग हो।
- नेपाल अधिराज्यको संविधान, २०४७ मा व्यवस्था भए बमोजिम वि.स. २०४८ माघ २८ मा स्वतन्त्र एवम स्वायत संवैधानिक आयोगको मान्यता प्राप्त गर्दै ~~अख्तियार~~ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना भएको हो।
- वर्तमान नेपालको संविधानको भाग २१ अन्तर्गत धारा २३८ र २३९ मा स्वतन्त्र एवम् निष्पक्ष संवैधानिक आयोगको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरिएको छ।
- हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मातहतमा रहने गरी इटहरी-सुनसरी, वीरगंज-महोत्तरी, हेटौंडा-मकवानपुर, पोखरा-कास्की, विरेन्द्रनगर-सुर्खेत, बुटवल-रुपन्देही, महेन्द्रनगर-कञ्चनपुर र बुटवलको सम्पर्क कार्यालय नेपालगञ्ज गरी ८ वटा कार्यालय रहेका छन।

* अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन

- नेपालमा एक अख्तियार दुरुपयोग अनुसन्धान आयोग रहने छ। जसमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्त रहने छन।
- राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा प्रमुख आयुक्त र आयुक्तको नियुक्ति गर्ने छ।
- प्रमुख आयुक्त र आयुक्तको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ।

* प्रमुख आयुक्त र आयुक्तको पद रिक्त हुने अवस्था

- निजले राष्ट्रपति समक्ष लिखित राजिनामा दिएमा
- निजको उमेर पैंसठ्ठी वर्ष पुरा भएमा
- निज विरुद्ध महाभियोग प्रस्ताव पारित भएमा
- निजले शारीरिक / मानसिक अवस्थाको कारण सेवामा रहि कार्य सम्पादन गर्न असमर्थ रहेको भनि संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा
- निजको मृत्यु भएमा

* प्रमुख आयुक्त र आयुक्त पदमा नियुक्तिका लागि आवश्यक योग्यता →

- मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि हासिल गरेको
- नियुक्ति हुनाको बखत कुनै राजनितिक दलको सदस्य नरहेको
- लेखा, राजस्व, इन्जिनिरिङ, कानून, विकास वा अनुसन्धानको क्षेत्रमा कम्तीमा बिस बर्ष काम गरी अनुभव र ख्याति प्राप्त गरेको
- पैंतालिस बर्ष उमेर पुरा नभएको
- उच्च नैतिक चरित्र भएको

* अ.दु.अ. आयोगको काम, कर्तव्य र अधिकार

- कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम गर्ने गराउने
- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले भ्रष्टाचार गरेको देखिएमा कानून बमोजिम निज विरुद्ध अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने
- सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कार्वाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्र अन्तर्गत पर्ने देखिएमा निजलाई आवश्यक कारबाहीका लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखि पठाउने

- भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरूसँग समन्वय, आपसी सहयोग र सम्बन्ध सुदृढ गर्ने
- कानूनी र संगठनात्मक संरचनाको सुदृढिकरण गर्दै भ्रष्टाचार नियन्त्रणमा सम्बद्ध पक्षलाई जिम्मेवार बनाउने

लोकसेवा साथी

२.२.२ महालेखा परिक्षकको कार्यालय

- सार्वजनिक निकायको अन्तिम लेखा परिक्षण गरी प्रतिवेदन जारी गर्ने उद्देश्यले नेपाल अधिराज्यको संविधान, २०१५ बमोजिम वि.स. २०१६ असार १५ मा नेपालमा महालेखा परिक्षकको नियुक्ति सँगै महालेखा परिक्षकको कार्यालयको स्थापना भएको हो।
- यस कार्यालयले लेखा परिक्षणको माध्यमबाट मुलुकको सार्वजनिक स्रोत साधनको संरक्षण गर्नुका साथै सरकारी आम्दानी र खर्च लगायत सरकारका कार्यहरुको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता समेतका आधारमा लेखा परिक्षण गर्ने गर्दछ।
- नेपालको वर्तमान संविधानको भाग २२ अन्तर्गत धारा २४० र २४१ मा महालेखा परिक्षकको व्यवस्था गरिएको छ।

* महालेखा परिक्षकको गठन,

- नेपालमा एक महालेखा परिक्षक रहने छ।
- राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा महालेखा परिक्षकको सिफारिस गर्नेछ।
- महालेखा परिक्षकको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ।

* महालेखा परिक्षकको पद रिक्त हुने अवस्था

- निजले राष्ट्रपति समक्ष लिखित राजिनामा दिएमा
- निजको उमेर पैंसठ्ठी वर्ष पुरा भएमा

↳ निज विरुद्ध महाभियोग प्रस्ताव पारित भएमा
↳ निजले शारीरिक र मानसिक अवस्था अवस्थाको कारण सेवा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनि संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा
↳ निजको मृत्यु भएमा

* महालेखा परिक्षकको नियुक्तिको लागि आवश्यक योग्यता

↳ मान्यता प्राप्त विश्वविद्यालयबाट व्यवस्थापन, वाणिज्य शास्त्र वा लेखामा स्नातक उपाधि हासिल गरी वा चार्टर्ड एकाउन्टेन्सि परिक्षा उत्तिर्ण गरी नेपाल सरकारको विशिष्ट श्रेणीको पदमा काम गरेको वा लेखा परिक्षण सम्बन्धि कार्यमा कम्तीमा बीस वर्ष अनुभव प्राप्त गरेको
↳ नियुक्ति हुदाको वखत कुनै राजनितिक दलको सदस्य नरहेको
↳ पैंतालिस वर्ष उमेर पुरा भएको
↳ उच्च नैतिक चरित्र भएको

* महालेखा परिक्षकको काम, कर्तव्य र अधिकार

↳ राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघिय संसद, प्रदेश सरकार, स्थानिय तह, संवैधानिक निकाय, अदालत, महान्यायाधिवक्ताको कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल लगायतका सम्पुर्ण संघिय र प्रादेशिक

सरकारी कार्यालयहरूको लेखा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्यताका आधारमा परिक्षण गर्ने

- पचास प्रतिशत भन्दा बढी सेयर वा जाइजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखा परिक्षणका लागि लेखा परिक्षक नियुक्त गर्दा आवश्यक परामर्श दिने
- संगठित संस्थाको लेखा परिक्षण गर्दा अपनाउनु पर्ने सिद्धान्तका विषयमा निर्देशन दिने
- लेखाका आवश्यक ढाचा निर्धारण गरी लेखामा एकरूपता कायम गर्ने

लोकसेवा सारथी

२.२.३ लोकसेवा आयोग

- वि.स. २००७ सालमा प्रजातन्त्रको २० महिनापछि स्वतन्त्र निकायबाट कर्मचारीको छनोट गर्ने उद्देश्य राखेर वि.स. २००८ असार १ गते लोकसेवा आयोगको स्थापना भएको हो।
- स्थापना काल देखि नै लोकसेवा आयोगले निजामति सेवाका पदहरूमा उपयुक्त उम्मेदवार छनोट गर्ने कार्य गर्दै आएको छ।
- नेपालको संविधानमा निजामति सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र अन्य संघिय सरकारी सेवाका पदमा पदपुर्तिका लागि लिखित परिक्षा लोकसेवा आयोगले सञ्चालन गर्ने गरी व्यवस्था गरिएको छ।
- नेपालको वर्तमान संविधानको भाग २३ अन्तर्गत धारा २४२ र २४३ मा लोकसेवा आयोग र धारा २४४ मा प्रदेश लोकसेवा आयोगको व्यवस्था गरिएको छ।

* लोकसेवा आयोगको गठन →

- नेपालमा एक लोकसेवा आयोग रहने छ। जसमा अध्यक्ष र चार जना सदस्य रहने छन्।
- राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ।
- अध्यक्ष र सदस्यको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ।

* अध्यक्ष र सदस्यको पद रिक्त हुने अवस्था →

- निजले राष्ट्रपति समक्ष लिखित राजिनामा दिएमा
- निजको उमेर पैंसठ्ठी वर्ष पुगे भएमा
- निजले शारीरिक तथा मानसिक अवस्थाको कारण सेवामा रहि कार्य सम्पादन गर्न असमर्थ रहेको भनि संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा
- निजको मृत्यु भएमा

* लोकसेवा आयोगका अध्यक्ष र सदस्यको योग्यता →

- मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि हासिल गरेको
- नियुक्ति हुदाको बखत कुनै पनि राजनितिक दलको सदस्य नरहेको
- पैंतालिस वर्ष उमेर पुरा भएको
- उच्च नैतिक चरित्र भएको
- लोकसेवा आयोगका सदस्यहरुमध्ये कम्तीमा पचास प्रतिशत सदस्य बीस वर्ष वा सो भन्दा बढी सरकारी सेवामा रहेका व्यक्तिहरुबाट र बाकि सदस्य विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा अनुसन्धान वा अध्ययन गरी अनुभव र ख्याति प्राप्त व्यक्ति हुनुपर्ने

* लोकसेवा आयोगको काम, कर्तव्य र अधिकार

- निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परिक्षा सञ्चालन गर्ने
- निजामती सेवाको पद बाहेक नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी बल, अन्य संघिय सरकारी सेवा र संगठित संस्थाको पदमा पदपुर्तिका लागि लिखित परिक्षा सञ्चालन गर्ने
- नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र अन्य संघिय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको बिषयमा परामर्श दिने
- कुनै संगठित संस्थाको सेवाका कर्मचारीको सेवासर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा र विभागिय कार्वाही गर्दा अपनाउनु पर्ने सिद्धान्तका बिषयमा परामर्श दिने

* लोकसेवा आयोगको मरामर्श लिनुपर्ने बिषय

- संघीय निजामती सेवाको सर्त सम्बन्धी काननको बिषयमा
- संघीय निजामती सेवाको पदमा नियुक्ति, बढुवा र विभागिय सजाय सजाय गर्दा अपनाउनु पर्ने सिद्धान्तका बिषयमा
- संघीय निजामती सेवाको पदमा छ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको बिषयमा
- लोकसेवा आयोगको परामर्श लिनु नपर्ने पदमा रहेको कर्मचारीलाई लोकसेवा आयोगको परामर्श लिनुपर्ने

अवस्थाको पदमा स्थायी, सकवा वा कहुवा गर्नुपर्ने विषयमा
- संघीय निजामती सेवाको कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा

* प्रदेश लोकसेवा आयोगको गठन प्रक्रिया

- प्रदेश लोकसेवा आयोगमा अध्यक्ष सहित बढीमा तिन जना सदस्य रहने
- अध्यक्ष र सदस्यको नियुक्तिका लागि सिफारिस गर्न प्रदेशको मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सभाका सभामुख र प्रदेश सभाका विपक्षि दलको नेता रहेको एक सिफारिस समिति रहने छ।
- समितिको सिफारिस बमोजिम अध्यक्ष र सदस्यको नियुक्ति प्रदेश प्रमुखबाट हुनेछ।
- आयोगका सदस्यहरु मध्ये कम्तीमा एक जना सदस्य बीस वर्ष वा सो भन्दा बढी अवधि सरकारी सेवामा रहेका व्यक्तिहरु मध्ये बाट र बाकि सदस्यहरु विज्ञान, प्रविधि, कला, स्वास्थ्य, कानून, जनप्रशासन वा समाजशास्त्रका क्षेत्रमा कार्य गरी ख्याति प्राप्त व्यक्ति-बाट नियुक्ति हुनेछन्

* प्रदेश लोकसेवा आयोगका अध्यक्ष र सदस्यको पदमा नियुक्तिका लागि आवश्यक योग्यता →

- मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि हासिल
- नियुक्ति हुदाको बखत कुनै पनि राजनितिक दलको सदस्य नरहेको
- पैंतालिस वर्ष उमेर पुरा भएको
- उच्च नैतिक चरित्र भएको

२२.४ निर्वाचन आयोग

- नेपालको अन्तरिम शासन विधान २००७ ले पहिले पटक नेपालमा निर्वाचन आयोगको व्यवस्था गरेको
- नेपालको वर्तमान संविधानको भाग २४ मा राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसद, प्रदेश सभाका सदस्य, स्थानिय तहका पदाधिकारी लगायतको निर्वाचन गर्ने प्रयोजनका लागि संवैधानिक निकायको रुपमा निर्वाचन आयोगको व्यवस्था गरिएको छ।

* निर्वाचन आयोगको गठन

- नेपालमा एक निर्वाचन आयोग रहने छ। जसमा प्रमुख आयुक्त र चार जना आयुक्त रहने छन।
- राष्ट्रपतिले प्रमुख आयुक्त र आयुक्तको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा गर्नेछ।
- प्रमुख आयुक्त र आयुक्तको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ।

* प्रमुख आयुक्त र आयुक्तको पद रिक्त हुने अवस्था

- निजले राष्ट्रपति समक्ष लिखित राजिनामा दिएमा
- निजको उमेर पैंसट्ठी वर्ष पुरा भएमा
- निज विरुद्ध महाभियोग प्रस्ताव पारित भएमा
- निजले शारीरिक र मानसिक अवस्थाको कारण सेवामा रहि कार्य सम्पादन गर्न असमर्थ रहेको भनि संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा
- निजको मृत्यु भएमा

* निर्वाचन आयोगको प्रमुख आयुक्त र आयुक्तको पदमा नियुक्तिका लागि आवश्यक योग्यता

- मान्यता प्राप्त विश्वविद्यालय स्नातक उपाधि हासिल गरेको
- नियुक्ति हुदाको बखत कुनै राजनितिक दलको सदस्य नरहेको
- पैंतालिस वर्ष पुरा भएको
- उच्च नैतिक चरित्र भएको

* निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार

- संविधान र कानून बमोजिम राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य तथा स्थानिय तहका पदाधिकारीको लागि निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने
- निर्वाचनको प्रयोजनको लागि मतदाता नामावली तयार गर्ने
- संविधान र कानून बमोजिम राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह बनाउने
- राष्ट्रपति, उपराष्ट्रपति, संघिय संसदका सदस्य, प्रदेश सभाका सदस्य वा स्थानिय तहका पदाधिकारीका लागि उम्मेदारको मनोनयन दर्ता भईसकेको तर निर्वाचनको परिणाम घोषणा भई नसकेको अवस्थामा कुनै उम्मेदारको योग्यताको सम्बन्धमा प्रश्न उठेमा त्यसको निर्णय गर्ने

२.२४ राष्ट्रिय मानव अधिकार आयोग

- मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्ने तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने उद्देश्यले संवैधानिक निकायको रूपमा राष्ट्रिय मानव अधिकार आयोगको व्यवस्था गरिएको छ।
- नेपालको संविधानको भाग २४ मा राष्ट्रिय मानव अधिकार आयोगको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धि व्यवस्था गरिएको छ।

* राष्ट्रिय मानव अधिकार आयोगको गठन

- नेपालमा एक राष्ट्रिय मानव अधिकार आयोग रहनेछ। जसमा अध्यक्ष र चार जना सदस्य रहने छन।
- राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा अध्यक्ष र सदस्यको नियुक्ति गर्ने छ।
- अध्यक्ष र सदस्यको पदावधि नियुक्तिको मितिले छ वर्षको हुने छ।

* अध्यक्ष र सदस्यको पद रिक्त हुने अवस्था

- निजले राष्ट्रपति समक्ष लिखित राजिनामा दिएमा
- निजको उमेर पैंसठ्ठी वर्ष पुरा भएमा
- निजले शारीरिक तथा मानसिक अवस्थाका कारण कार्य सम्पादन गर्न असमर्थ रहेको भनि संवैधानिक

परिषदको सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा
- निजको मृत्यु भएमा
- निज विरुद्ध महाभियोगको प्रस्ताव पारित भएमा

* राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको लागि आवश्यक योग्यता →

- मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि हासिल गरेको
- नियुक्ति हुदाको बखत कुनै पनि राजनितिक दलको सदस्य नरहेको
- पैंतालिस वर्ष उमेर पुरा भएको
- उच्च नैतिक चरित्र भएको
- अध्यक्षको हकमा मानव अधिकारको संरक्षण र संवर्द्धनमा विशिष्ट योगदान पुऱ्याएका प्रधान न्यायाधिश वा सर्वोच्च अदालतको न्यायाधिशको पदबाट सेवा निवृत्त व्यक्ति वा मानव अधिकारको संरक्षण, संवर्द्धन वा राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा कम्तीमा बीस वर्ष क्रियाशिल रहि ख्याति प्राप्त गरेको हुनुपर्ने
- सदस्यको हकमा मानव अधिकारको संरक्षण र संवर्द्धन, बालबालिकाको हक हितको क्षेत्रमा कार्यरत वा राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा कम्तीमा बीस वर्ष क्रियाशिल रही ख्याति प्राप्त हुनुपर्ने

* राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकार

- कुनै व्यक्ति वा समुहको मानव अधिकार उल्लङ्घन भएको सम्बन्धमा आवश्यक अनुसन्धान गरी दोषि उपर कारबाहीको लागि सिफारिस गर्ने
- मानव अधिकारको उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी भएका पदाधिकारीले आफ्नो जिम्मेवारी पुरा नगरेमा त्यस्तो व्यक्ति उपर विभागिय कारबाहीका लागि सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने
- मानव अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध मुद्दा चलाउनुपर्ने आवश्यक भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने
- मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने
- मानव अधिकारसँग सम्बन्धित कानूनको आवधिक रुपमा पुनरावलोकन गर्ने र त्यसमा गर्नुपर्ने सुधार तथा संसोधनका बिषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने
- मानव अधिकारसँग सम्बन्धित अन्तराष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नुपर्ने भएमा त्यसको कारण सहित नेपाल सरकार समक्ष सिफारिस गर्ने र नेपाल पक्ष बनिसकेका सन्धि भए सो को कार्यान्वयन भए नभएको अनुगमन गरी प्रभावकारी कार्यान्वयनका

लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने

- मानव अधिकार उल्लङ्घन गर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घन कर्ताको रूपमा अभिलेख राख्ने

२२.६ प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय

- नेपालको पहिलो प्रधानमन्त्री भिमसेन थापा वि.स.१८६३ मा प्रधानमन्त्री भएकाले नेपालमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको स्थापना समेत वि.स.१८६३ मा नै भएको पाइन्छ।
- यो स्थापना काल देखिनै मुलुकको प्रशासनको सर्वोच्च निकायको रूपमा रहँदै आएको छ।
- यस कार्यालयले मुलुकको कार्यकारी प्रमुख प्रधानमन्त्री लाई सचिवालयको रूपमा सेवा प्रदान गर्दै आएको छ। भने अर्कोतिर मुलुकको उच्च प्रशासनिक पदाधिकारी मुख्य सचिवलाई समेत प्रशासनिक एवम प्राविधिक सहयोग पुऱ्याउँदै आएको छ।
- राजनितिक वा प्रशासनिक दुवै दृष्टिकोणले उच्च निर्णय लिने, निर्देशन दिने र समन्वय एवम नियन्त्रण गर्ने कार्यालय भएको हुदा यो मुलुकी प्रशासनको केन्द्रविन्दुको रूपमा समेत रहेको छ।

* प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको मुख्य कार्यहरू

- नेपालको शासन व्यवस्थाको निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने
- नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयहरूको कार्यान्वयन र अनुगमन गर्ने
- नेपाल सरकारका मन्त्रालयहरूको कार्यको रेखदेख, निरिक्षण, नियन्त्रण र समन्वय गर्ने
- नेपाल सरकारको अल्पकालिन र दिर्घकालिन निति, योजना तथा रणनितिको तर्जुमा, स्वकृति, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन गर्ने
- शासकीय प्रबन्ध, सुशासन प्रवर्द्धन र प्रशासन सुधार सम्बन्धी कार्य गर्ने
- प्रधानमन्त्रीको निर्देशनको कार्यान्वयन गर्ने
- प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसँग सम्बन्धित सार्वजनिक संस्थान, प्राधिकरण, प्रतिष्ठान, समिती आदिको सञ्चालन र नियमण गर्ने
- द्विपक्षिय तथा बहुपक्षिय सन्धि सम्झौताहरूको कार्यान्वयनको अनुगमन गर्ने
- संवैधानिक परिषद् तथा संवैधानिक निकाय सम्बन्धी कार्यहरू गर्ने

कोशिश

१.२.६. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

- मुलुकको समग्र स्थानिय शासन, विकास र सेवा प्रवाहका लागि केन्द्रबाट नेतृत्वदायी भुमिका निर्वाह गर्न उद्देश्यले वि.स. २०३८ मा नेपालमा स्थानिय विकास मन्त्रालय को स्थापना भएको हो।
- वि.स २०६२।६३ मा भएको राजनितिक परिवर्तन सँगै मन्त्रालयमा संघिय मामिलाको कार्य समेत थप गरी उक्त मन्त्रालयको नाम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय कायम गरिएको हो।
- यस मन्त्रालयले संघीय मामिला तथा कर्मचारी प्रशासनको केन्द्रिय निकायको भुमिका निर्वाह गर्दै आएको छ।
- वृहत कार्य जिम्मेवारी रहेको यस मन्त्रालयले मुख्यत कर्मचारी प्रशासन तथा स्थानिय तहको विकास र सेवा प्रवाहमा सहजिकरण गर्ने कार्य गर्दछ।

* काम, कर्तव्य र अधिकार

- संघीय इकाइहरु बीच आवश्यक सम्पर्क र समन्वय कायम गर्ने
- स्थानिय पुर्वाधार विकास सम्बन्धी निति, कानून, तथा मापदण्डको तर्जुमा गर्ने
- संघीय कर्मचारी सम्बन्धी निति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन गर्ने
- सार्वजानिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक निति तथा कार्यविधिको तर्जुमा गरी कार्यान्वयन गर्ने

- संघ, प्रदेश र स्थानिय तहमा रहेर पदाधिकारीको दरबन्दी, सिर्जना र सो सम्बन्धि नीति तथा मापदण्ड तर्जुमा गर्ने
- स्थानिय तहका सार्वजनिक पदाधिकारीहरुको सुविधा सम्बन्धी नीति र मापदण्डको तर्जुमा गर्ने
- प्रशासकीय अभिलेख र तथ्याङ्कको व्यवस्थापन गर्ने
- मन्त्रालयसँग सम्बन्धित काममा राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ, संस्थासँग सन्धि, सम्झौता तथा सम्पर्क र समन्वय गर्ने

२.२.८ संघीय संसद सचिवालय

- संघीय संसदको काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी ढङ्गले सञ्चालन गर्न गठित समयन्त्र नै संघीय संसद सचिवालय हो।
- प्रतिनिधि सभा र राष्ट्रिय सभा सहितको दुई सदनात्मक व्यवस्थापिकाको काम कारवाहीलाई व्यवस्थित र वैधानिक रुपमा सञ्चालन गर्ने निकाय नै संघीय संसद सचिवालय हो।

* संघीय संसद सचिवालयका कार्यहरू

- संघिय संसदका क्रम कारवाहीलाई व्यवस्थित र प्रभावी सञ्चालन गर्न प्रशासनिक, आर्थिक र भौतिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने
- संघीय संसद, संघीय संसदका समिति, पदाधिकारी र सदस्यहरूलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने
- संघीय संसदको सुचना प्रणालीलाई प्रभावकारी बनाउने तथा संघीय संसद परिसरमा सुरक्षा व्यवस्था मिलाउने
- संघीय संसदको संसदिय दलका कार्यालयलाई आवश्यक सुविधा उपलब्ध गराउने
- नियमित विधायन सम्बन्धि कार्यमा सहयोग पुयाउने तथा संसदिय समितिबाट हुने अनुगमन सम्बन्धी कार्यमा सहयोग पुयाउने
- संघीय संसद तथा संघीय संसदका समितिहरूको बैठक व्यवस्थापन गर्ने

* सचिवालय सञ्चालन तथा व्यवस्थापन समिति

→ संघीय संसद र सचिवालयलाई प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक निति निर्धारण गर्ने तथा रेखदेख, नियन्त्रण र सुपरिवेक्षण गर्ने कार्यका लागि देहाय बमोजिमका पदाधिकारी रहने सचिवालय सञ्चालन तथा व्यवस्थापन समिति रहने छ।

(क) सभामुख — सभापति
(ख) राष्ट्रिय सभाका अध्यक्ष — सदस्य
(ग) उपसभामुख — सदस्य
(घ) राष्ट्रिय सभाका उपाध्यक्ष — सदस्य
(ङ) महासचिव — सदस्य
(च) प्रतिसभाका सचिव — सदस्य
(छ) राष्ट्रिय सभाका सचिव — सदस्य
(ज) सचिवालय सचिव — सदस्य
(संसदीय अध्ययन तथा अनुसन्धान)
(झ) सचिवालय सचिव (प्रशासन) — सदस्य सचिव

* सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

→ सचिवालयको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने
→ संघीय संसद तथा सचिवालयको वार्षिक बजेट निर्धारण गर्ने

- संघीय संसद सेवामा रहने कर्मचारीहरूको दरबन्दी निर्धारण गर्ने
- सचिवालयका कर्मचारीहरूको वृत्तिविकास तथा सुविधा निर्धारण सम्बन्धि कार्य गर्ने
- संघीय संसदको भौतिक निर्माण र सुधार सम्बन्धी कार्य गर्ने
- संघीय संसदका समितिहरूबीच आवश्यक समन्वय कायम गर्ने गराउने
- सदस्यको क्षमता र दक्षता अभिवृद्धि गर्न आवश्यक कार्य गर्ने
- नेपाल सरकारसँग समन्वय गरी संघीय संसद तथा संघीय संसदको समितिको बार्षिक कार्यतालिका तयार गर्ने
- संघीय संसद र सचिवालयको अल्पकालिन र दिर्घकालिन योजना तर्जुमा गरी सो को कार्यान्वयन गर्ने

लोकसेवा साथी

२३ नागरिक सचेतना

चारित्रिक विकास

- चारित्रिक विकास भन्नाले असल चरित्रको निर्माण, असल चारित्रिक मूल्यको अबलम्बन, आदर्श चारित्रिक गुण वा विशेषताको विकास, चरित्रको अवस्थामा सुधार र उन्नयन भन्ने बुझिन्छ।
- असल चरित्रको निर्माण, चारित्रिक रूपान्तरण तथा समुन्नत चरित्रको विकास नै चारित्रिक विकास हो।
- चारित्रिक विकास प्रत्येक मानिसमा आदर्श चारित्रिक गुणको विकास गरी समाज र राष्ट्रलाई दिगो शान्ति, सुशासन, विकास र समृद्धिमा पुऱ्याउने अभियान हो।

चारित्रिक विकासका विशेषताहरू

- असल चरित्र निर्माण
- चारित्रिक रूपान्तरण
- सकारात्मक चिन्तन र व्यवहारको विकास
- निरन्तरको प्रक्रिया
- सत्मार्गतर्फको यात्रा
- मानवीय मुल्य मान्यताको प्रवर्द्धन
- आदर्श गुणको उन्नयन
- असल व्यक्तित्वको विकास
- नैतिकता, मानवता र सभ्यताको प्रवर्द्धन
- राष्ट्र निर्माणको आधार

Thank You

FOR CHOOSING US!

We have the great collection great collection of Loksewa PDF notes and solutions. You can download this notes without any kinds of fee or cost.

CONNECT WITH US

www.loksewasathi.com

info@loksewasathi.com

LOKSEWA SATHI

WE'D LOVE YOUR FEEDBACK!

★ ★ ★ ★ ★